केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन नं. : ०१-५७१९६४१/४२/४३/४४
Website : www.nrb.org.np
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक

## बैंक तथा वित्तीय संस्था नियमन विभाग

पत्र संख्या : बै.वि.नि.वि./नीति/मार्गदर्शन/०१/०८२/८३

मिति: २०८३/०३/०५

**इजाजतपत्रप्राप्त "क", "ख", "ग" र "घ" वर्गका बैंक तथा वित्तीय संस्थाहरु,**

यस बैंकबाट इजाजतपत्रप्राप्त "क", "ख", "ग" र "घ" वर्गका बैंक तथा वित्तीय संस्थाहरुको लागि **"बैंक तथा वित्तीय संस्थाका प्रमुख कार्यकारी अधिकृतको तलब, भत्ता तथा अन्य सुविधा सम्बन्धी मार्गदर्शन, २०८३"** जारी गरिएको हुँदा सोहीबमोजिम गर्नु/गराउनु हुन नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ७९ ले दिएको अधिकार प्रयोग गरी यो मार्गदर्शन जारी गरिएको छ।

भवदीय,

२०८३/०३/०५

(रामु पौडेल)
कार्यकारी निर्देशक

# बैंक तथा वित्तीय संस्थाका प्रमुख कार्यकारी अधिकृतको तलब, भत्ता तथा अन्य सुविधा सम्बन्धी मार्गदर्शन, २०८३

**नेपाल राष्ट्र बैंक**

**बैंक तथा वित्तीय संस्था नियमन विभाग**

२०८३

## १. पृष्ठभूमि

बैंक तथा वित्तीय संस्थाहरुको स्थायित्व, सुशासन र प्रतिस्पर्धात्मक क्षमता सुदृढ गर्न उच्च नेतृत्व तहको भूमिका महत्वपूर्ण हुन्छ । विशेषगरी, प्रमुख कार्यकारी अधिकृत (Chief Executive Officer, CEO) ले रणनीतिक दिशा, जोखिम व्यवस्थापन, वित्तीय कार्य सम्पादन तथा संस्थागत विश्वसनीयतामा निर्णायक प्रभाव पार्दछन् । यसै सन्दर्भमा प्रमुख कार्यकारी अधिकृतको तलब, भत्ता तथा सुविधा समयसापेक्ष, प्रतिस्पर्धात्मक र बैंकको कार्य सम्पादनसँग आवद्ध र उत्तरदायी हुनु अपरिहार्य छ । बैंक तथा वित्तीय संस्थाहरुको व्यवस्थापन, जोखिम ग्रहण क्षमता, वित्तीय अनुशासन तथा सुशासनमा प्रमुख कार्यकारी अधिकृतको भूमिका निर्णायक हुने भएकोले प्रमुख कार्यकारी अधिकृतको तलब, भत्ता तथा अन्य सुविधाको संरचनाले संस्थाको समग्र वित्तीय स्वास्थ्य र वित्तीय प्रणालीको स्थायित्वमा समेत प्रत्यक्ष प्रभाव पार्ने गर्दछ ।

प्रमुख कार्यकारी अधिकृतको तलब, भत्ता तथा अन्य आर्थिक सुविधाहरू स्पष्ट तथा वस्तुनिष्ठरुपमा निर्धारण गरी पारिश्रमिक संरचनालाई संस्थाको वित्तीय अवस्था, जोखिमस्तर, कार्यसम्पादन, नियामकीय पालना तथा दीर्घकालीन स्थायित्वसँग आबद्ध गर्दै वैज्ञानिक, पारदर्शी र उत्तरदायी बनाउनु आवश्यक रहेको छ ।

प्रमुख कार्यकारी अधिकृतको तलब, भत्ता तथा आर्थिक सुविधाहरुलाई एकातिर अन्तर्राष्ट्रिय अभ्यासलाई समेत दृष्टिगत गरी बैज्ञानिक, पारदर्शी, प्रतिस्पर्धी र उत्प्रेरणात्मक बनाउँदै योग्य र सक्षम नेतृत्व आकर्षित गर्न तथा त्यस्तो नेतृत्वलाई पदमा राखी रहने स्तरको पारिश्रमिक निर्धारण गर्नु जरुरी छ भने अर्कोतिर मुलुकको अर्थतन्त्रको अवस्था, सम्बन्धित बैंकको मुनाफा स्तर, लगानीकर्ताले प्राप्त गर्ने प्रतिफलको अवस्था तथा कर्मचारी खर्चको आकार, माथिल्लो तह र तल्लो तहको पारिश्रमिकको फरक एवं संस्थाको वित्तीय अवस्था समेतलाई मध्यनजर गरी स्वभाविक र समन्यायिक ढङ्गले उपयुक्त स्तरको पारिश्रमिक निर्धारण गर्नु न्यायसंगत देखिन्छ । उपरोक्त वस्तुस्थितिको परिप्रेक्ष्यमा नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ७९ तथा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १२० को अधीनमा रही यो मार्गदर्शन जारी गरिएको छ ।

## २. उद्देश्य

बैंक तथा वित्तीय संस्थाहरूमा प्रमुख कार्यकारी अधिकृतको तलब, भत्ता तथा अन्य आर्थिक सुविधाहरूको निर्धारण सम्बन्धमा एकरूपता कायम गर्न, जोखिम व्यवस्थापन र संस्थागत सुशासन प्रवर्द्धन गर्न सहयोग पुगोस् भन्ने उद्देश्यले यो मार्गदर्शन जारी गरिएको छ ।

## ३. प्रमुख कार्यकारी अधिकृतको तलब, भत्ता तथा अन्य सुविधा सिफारिस समिति

यस बैंकबाट इजाजतपत्रप्राप्त संस्थाका प्रमुख कार्यकारी अधिकृत (Chief Executive Officer) को तलव, भत्ता तथा अन्य आर्थिक सुविधाहरुको निर्धारण गर्ने कार्यमा यस मागदर्शनको अधीनमा रही सम्बन्धित संस्थाको सञ्चालक समिति जिम्मेवार हुनेछ । इजाजतपत्रप्राप्त संस्थाको सञ्चालक समितिले प्रमुख कार्यकारी अधिकृतको तलब, भत्ता तथा अन्य सुविधाहरु निर्धारण गर्नका लागि सिफारिस पेश गर्न उक्त संस्थाको सञ्चालक समितिका स्वतन्त्र सञ्चालकको संयोजकत्वमा अन्य दुई सञ्चालक रहने गरी तीन सदस्यीय तलब, भत्ता तथा अन्य सुविधा सिफारिस समिति गठन गर्नु पर्नेछ ।

## ४. प्रमुख कार्यकारी अधिकृतको तलब, भत्ता तथा अन्य सुविधा निर्धारणका आधार

४.१ इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाको सञ्चालक समितिले बुँदा नं. ३ बमोजिम गठन गरेको तलब, भत्ता तथा अन्य सुविधा सिफारिस समितिले देहायका विषयहरुलाई प्राथमिक आधारका रुपमा लिएर प्रमुख कार्यकारी अधिकृतको तलब, भत्ता तथा अन्य सुविधा सम्बन्धी सिफारिस सञ्चालक समितिसमक्ष पेश गर्नु पर्नेछ ।

(क) प्रमुख कार्यकारी अधिकृतको योग्यता तथा अनुभव ।

(ख) इजाजतपत्रप्राप्त संस्थाको पूँजीको प्रतिफलदर, व्यवसायको आकार (कर्जा, लगानी र निक्षेप परिचालन), सञ्चालन मुनाफाको स्थिति, भविष्यमा व्यवसाय वृद्धिका आधारहरु तथा संस्थामा निहित जोखिम ।

(ग) आफ्नो संस्थासँग मिल्दोजुल्दो संस्थाको पूँजीको प्रतिफलदर, व्यवसायको आकार, सञ्चालन मुनाफा भएका संस्थाहरुले प्रमुख कार्यकारी अधिकृतलाई उपलव्ध गराएको तलव, भत्ता तथा सुविधा ।

(घ) इजाजतपत्रप्राप्त संस्था स्वयंको सहायकस्तर (जुनियर असिस्टेण्ट) देखि प्रमुख कार्यकारी अधिकृत बीचको पारिश्रमिक भिन्नताको समीक्षा ।

४.२ उक्त समितिले पेश गरेको सिफारिसको आधारमा संस्थाको सञ्चालक समितिले सो सम्बन्धमा अन्तिम निर्णय गर्नु पर्नेछ ।

## ५. प्रमुख कार्यकारी अधिकृतको तलब, भत्ता तथा अन्य सुविधा

इजाजतपत्रप्राप्त संस्थाको सञ्चालक समितिले प्रमुख कार्यकारी अधिकृतलाई नियुक्त गर्दाका बखत नै निजले पाउने वार्षिक तलब, भत्ता तथा अन्य सुविधाहरुको सम्बन्धमा सम्झौतापत्रमा स्पष्ट उल्लेख गर्नुपर्नेछ र यस्तो सुविधालाई देहायबमोजिम तीन (३) शीर्षकमा वर्गीकरण गर्नु पर्नेछ । प्रमुख कार्यकारी अधिकृतलाई सम्झौतापत्रमा उल्लेख गरेबाहेक सो कार्यकाल भरी

अन्य कुनै पनि किसिमको रकम र सुविधा उपलब्ध नगर्ने/नगराउने व्यवस्था सम्बन्धित संस्थाको सञ्चालक समितिले गर्नु पर्नेछ ।

## ५.१ निश्चित वार्षिक तलब तथा भत्ता (Fixed Annual Compensation)

५.१.१ प्रमुख कार्यकारी अधिकृतको निश्चित वार्षिक तलब तथा भत्ताहरु देहायका मापदण्डहरुको आधारमा गणना गर्दा सोमध्ये सबैभन्दा न्यूनतम रकमसम्म मात्र हुनु पर्नेछ ।

| **संस्था** | **विगत ३ आर्थिक वर्षको औषत कर्मचारी खर्चको**[1] | **गत वर्षान्तको कुल सम्पत्तिको**[2] |
|---|---|---|
| "क" वर्गका वाणिज्य बैंक | बढीमा २ प्रतिशतसम्म | बढीमा ०.०१५ प्रतिशतसम्म |
| "ख" वर्गका राष्ट्रियस्तरका विकास बैंक | बढीमा ३ प्रतिशतसम्म | बढीमा ०.०२० प्रतिशतसम्म |
| "ग" वर्गका राष्ट्रियस्तरका वित्त कम्पनी | - | बढीमा ०.१० प्रतिशतसम्म |
| "घ" वर्गका खुद्रा कारोबार गर्ने राष्ट्रियस्तरका लघुवित्त वित्तीय संस्था | - | बढीमा ०.०५० प्रतिशतसम्म |

५.१.२ माथि उल्लिखित बैंक तथा वित्तीय संस्थाबाहेक अन्य बैंक तथा वित्तीय संस्थाको हकमा निश्चित वार्षिक तलब तथा भत्ता (Fixed Annual Compensation) को सीमा संस्थाको तलब, भत्ता तथा अन्य सुविधा सिफारिस समितिको सिफारिसमा सञ्चालक समितिले तोकेबमोजिम हुनेछ ।

५.१.३ प्रमुख कार्यकारी अधिकृतको तलब निर्धारण गर्दा निजको आधारभुत तलबमान (Basic Pay Scale), वार्षिक ग्रेड वृद्धि हुने/नहुने तथा आधारभुत तलबमान पुनरावलोकन नहुने सम्बन्धी व्यवस्था सम्झौतापत्रमा स्पष्टरुपमा उल्लेख गर्नु पर्नेछ ।

५.१.४ इजाजतपत्रप्राप्त संस्था र प्रमुख कार्यकारी अधिकृतबीच भएको सम्झौतामा प्रमुख कार्यकारी अधिकृतलाई प्रदान गर्ने निश्चित वार्षिक तलब तथा भत्ता (Fixed Annual Compensation) आवधिकरुपमा पुनरावलोकन गर्ने व्यवस्था भएमा पुनरावलोकन गर्दा यस बैंकले प्रकाशन गर्ने मुद्रास्फिति (पुनरावलोकन

---

१ कर्मचारी खर्च भन्नाले प्रमुख कार्यकारीको वार्षिक तलब, भत्तासहित सम्पूर्ण कर्मचारीको वार्षिक तलब तथा भत्ता रकम सम्झनु पर्दछ ।

२ कुल सम्पत्ति भन्नाले इजाजतपत्रप्राप्त संस्थाको गत वर्षान्तको वासलातको सम्पत्तितर्फको कूल योगलाई सम्झनु पर्दछ ।

अवधिको औसत मुद्रास्फिति) को आधारमा गर्नु पर्नेछ । तर, यसरी वृद्धि गरिएको रकम उपर्युक्त संस्थाहरुको हकमा बुँदा नं. ५.१.१ मा उल्लिखित सीमाको अधीनमा र अन्य बैंक तथा वित्तीय संस्थाको हकमा तलब, भत्ता तथा अन्य सुविधा सिफारिस समितिको सिफारिसमा सञ्चालक समितिले तोकेको सीमाको अधीनमा रही गर्नु पर्नेछ ।

५.१.५ यो मार्गदर्शन स्वीकृत भएको मितिभन्दा अगाडि करार भई कार्यरत प्रमुख कार्यकारी अधिकृतले खाइपाई आएको निश्चित वार्षिक तलब तथा भत्ता बुँदा नं. ५.१.१ मा उल्लेख भएको सीमाभन्दा बढी भएका संस्थाले यो मार्गदर्शन जारी भएपश्चात् नियुक्त हुने प्रमुख कार्यकारी अधिकृतको हकमा बुँदा नं. ५.१.१ को सीमामा कायम गर्नुपर्नेछ ।

५.१.६ बुँदा नं. ५.१.३ र बुँदा नं. ५.१.४ बमोजिम पुनरावलोकन यो मार्गदर्शन स्वीकृत भएपछिको अवधिको लागि मात्र लागु हुनेछ ।

## ५.२ कार्य सम्पादनमा आधारित पारिश्रमिक (Performance Based Pay)

इजाजतपत्रप्राप्त संस्थाले प्रमुख कार्यकारी अधिकृतलाई वार्षिकरुपमा प्रदान गरिने कुल आर्थिक सुविधाको निश्चित प्रतिशत कार्य सम्पादनमा आधारित आर्थिक सुविधा प्रदान गर्न सक्नेछ । यस्तो सुविधा प्रदान गर्दा गत आर्थिक वर्ष भित्रका गुणात्मक र परिमाणात्मक चर (Quantitative and Qualitative Variables) हरुको विश्लेषण गरी समग्र कार्यसम्पादन मूल्याङ्कन (Holistic Performance Assessement) गर्न आधार तय गर्नु पर्नेछ ।

५.२.१ कार्य सम्पादनमा आधारित पारिश्रमिक निर्धारण गर्नुपूर्व देहायका सूचकहरुको विश्लेषण गरी कार्यसम्पादन मापदण्ड सूचक निर्धारण गर्नु पर्नेछ ।

(क) सम्पत्तिमा प्रतिफल (Return on Assets)

(ख) पुँजीमा प्रतिफल (Return on Equity)

(ग) नाफा (Profitability)

(घ) पुँजीकोष अनुपात (Capital Adequacy Ratio)

(ङ) निष्क्रिय कर्जा (Non-Performing Loan)

(च) तरलता (Liquidity)

(छ) जोखिम व्यवस्थापन (Risk Management)

(ज) नियमनकारी व्यवस्थाको पालना (Compliance with regulatory requirements)

(झ) ग्राहक सन्तुष्टि र सेवा गुणस्तर (Customer Satisfaction and Service quality)

(ञ) अन्य (Others)

५.२.२ कार्यसम्पादन मापदण्ड सूचक निर्धारण गर्दा तलब, भत्ता तथा अन्य सुविधा सिफारिस समितिले कार्यसम्पादन सूचकहरु तयार पारी सूचकहरुलाई उपयुक्त भार निर्धारण गरी करार सम्झौतामा उल्लेख गर्नु पर्नेछ । प्रत्येक सूचकमा कार्यसम्पादन अंक दिई सोको आधारमा कार्यसम्पादनमा आधारित पारिश्रमिक निर्धारण गरी करार सम्झौतामा उल्लेख गर्नु पर्नेछ । पारिश्रमिक निर्धारण गर्दा प्रमुख कार्यकारी अधिकृतलाई करार सम्झौतामा उल्लेख भए अनुरुप बुँदा नं.५.१ बमोजिम एक आर्थिक वर्षमा प्रदान गरिने निश्चित तलब तथा भत्ता रकमको बढीमा २० प्रतिशत रकम सम्म मात्र प्रदान गर्न सकिने छ ।

५.२.३ इजाजतपत्रप्राप्त संस्थाको सञ्चालक समितिसँगको सम्झौता बमोजिम कार्यसम्पादन गर्न नसकेमा कार्यसम्पादनमा आधारित पारिश्रमिक प्रदान गर्न पाइने छैन । सोसम्बन्धमा प्रमुख कार्यकारी अधिकृतसँगको सम्झौतामा स्पष्ट उल्लेख गर्नुपर्नेछ ।

५.२.४ प्रमुख कार्यकारी अधिकृतको कार्यसम्पादनमा आधारित सुविधा सम्बन्धी व्यवस्था सम्बन्धित संस्थाको नियमावलीमा व्यवस्था भएमा मात्र उपलब्ध गराउन सकिनेछ ।

५.२.५ बोनस ऐनले तोकेको अधिकतम सीमासम्म रहने गरी कर्मचारी बोनसवापत्को सुविधा प्रचलित कानूनको अधीनमा रही प्रदान गर्नुपर्नेछ ।

## ५.३ अन्य सुविधाहरु (Other Perquisites)

इजाजतपत्रप्राप्त संस्थाले प्रमुख कार्यकारी अधिकृतलाई देहायबमोजिमको सुविधाबाहेक अन्य सुविधा प्रदान गर्न पाइने छैन ।

५.३.१ तलब, भत्ता तथा अन्य सुविधा सिफारिस समितिले निर्धारण गरेबमोजिम एक/एक वटा मोवाइल तथा ल्यापटप सुविधा ।

५.३.२ तलब, भत्ता तथा अन्य सुविधा सिफारिस समितिले निर्धारण गरेबमोजिम एक सवारी साधन । विद्यमान सम्झौताबमोजिम हाल प्रयोग गरिरहेको सवारी साधनलाई नै निरन्तरता दिन यस व्यवस्थाले वाधा पुग्ने छैन । त्यसैगरी, सोही प्रमुख कार्यकारी अधिकृतलाई निजको सेवा अवधिभर (पुर्ननियुक्ति भएमा समेत) अर्को सवारी साधन प्रदान गर्न पाइने छैन ।

५.३.३ बुँदा नं. ५.३.२ मा उल्लिखित सवारी साधनको लागि आवश्यक पर्ने इन्धन र चालक/चालक खर्च सुविधा ।

५.३.४ इजाजतपत्रप्राप्त संस्थाले कर्मचारीलाई छुट्याइएको शेयरवापत्को अंशमध्येबाट प्रमुख कार्यकारी अधिकृतले प्राप्त गर्नसक्ने शेयरवापत् रकम चुक्ता गरी प्रदान हुने शेयर ।

५.३.५ प्रमुख कार्यकारी अधिकृतलाई अन्य व्यवसायिक सदस्यता, टेलिफोन तथा इन्टरनेट सुविधाबापत वास्तविक खर्च, पत्रपत्रिकालगायत अन्य शीर्षकमा बुँदा नं.५.१.१ मा उल्लेखित निश्चित वार्षिक तलब तथा भत्ताको बढीमा ०.५० प्रतिशतसम्म तलब, भत्ता तथा अन्य सुविधा सिफारिस समितिले तोकेबमोजिमको खर्च ।

५.३.६ माथि बुँदा नं. ५.३.५ मा उल्लिखित सीमाभन्दा बढी खर्च सुविधा प्रदान गरेमा सीमाभन्दा बढी प्रदान गरेको खर्च प्रमुख कार्यकारी अधिकृतबाट असुल उपर गरिनेछ । प्रमुख कार्यकारी अधिकृतबाट असुल उपर हुन नसकेमा निर्णयकर्ताबाट दामासाहीले असुल उपर गरिने छ ।

## ६. मार्गदर्शन लागु नहुने

बुँदा नं. ५ मा उल्लिखित प्रमुख कार्यकारी अधिकृतको तलब, भत्ता तथा अन्य सुविधा सम्बन्धी व्यवस्था देहायका इजाजतपत्रप्राप्त संस्थाको हकमा लागू गर्न अनिवार्य हुने छैन ।

६.१ नेपाल राष्ट्र बैंकले समस्याग्रस्त घोषणा गरेका इजाजतपत्रप्राप्त संस्था,

६.२ अन्तर्राष्ट्रिय दातृ निकाय वा नेपाल सरकारको सहयोगमा पुनर्संरचना भइरहेका इजाजतपत्रप्राप्त संस्था,

६.३ नेपाल सरकारको पूर्ण वा आंशिक स्वामित्वमा रहेका इजाजतपत्रप्राप्त संस्था,

६.४ चुक्ता पुँजीको २० प्रतिशत भन्दा बढी विदेशी लगानी भएका इजाजतपत्रप्राप्त संस्था,

६.५ विदेशी बैंकको नेपालस्थित शाखाहरु,

## ७. विवरण पेश गर्नुपर्ने

इजाजतपत्रप्राप्त संस्थाले पारिश्रमिक निर्धारण नीति, पारिश्रमिक निर्धारणका आधारहरु, प्रमुख कार्यकारी अधिकृतसहित अन्य कर्मचारीहरुको पारिश्रमिकको तुलनात्मक भिन्नता दर सम्बन्धमा अनुसूची १ बमोजिमको विवरण यस बैंकको बैंक तथा वित्तीय संस्था नियमन विभाग र सम्बन्धित सुपरिवेक्षण विभागमा पठाउनु पर्नेछ ।

## ८. वार्षिक प्रतिवेदनमा खुलाउनु पर्ने

इजाजतपत्रप्राप्त संस्थाले आफ्नो प्रमुख कार्यकारी अधिकृतलाई प्रदान गरेको सेवा, सुविधाका सम्बन्धमा अनुसूची २ मा उल्लिखित विषयहरु आफ्नो वार्षिक प्रतिवेदनमा खुलाउनु (Disclose) पर्नेछ ।

## ९. खारेजी तथा बचाऊ

९.१ यस बैंकबाट "क", "ख", "ग" र "घ" वर्गका इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरुलाई यसअघि जारी गरिएको बैंक/वित्तीय संस्थाका प्रमुख कार्यकारी अधिकृतको तलब, भत्ता तथा अन्य सुविधा सम्बन्धी मार्गदर्शन/निर्देशनहरु खारेज गरिएको छ ।

९.२ यस मार्गदर्शनले बैंक तथा वित्तीय संस्थाको काम कारबाहीमा बाधा अड्चन पर्न गएमा गभर्नरले व्याख्या गर्नेछ ।

९.३ यस मार्गदर्शनबमोजिम गठित तलब भत्ता तथा अन्य सुविधा सिफारिस समितिका संयोजक तथा सदस्यहरुलाई अन्य समिति तथा उपसमितिमा नियुक्ति गर्न बाधा पुगेको मानिने छैन ।

## अनुसूची १

## नेपाल राष्ट्र बैंकमा पेश गर्नुपर्ने विवरण

<table>
<tr><td colspan="2">संस्थाको नाम :</td><td></td><td></td></tr>
<tr><td colspan="2">प्रमुख कार्यकारी अधिकृतको नामः</td><td></td><td></td></tr>
<tr><td colspan="4">Qualitative Disclosure</td></tr>
<tr><td>सि.नं.</td><td colspan="3">विवरण</td></tr>
<tr><td>१.</td><td colspan="3">तलब, भत्ता तथा अन्य सुविधा सिफारिस समितिको गठन र उक्त समितिको कार्यादेश सम्बन्धी जानकारी</td></tr>
<tr><td>२.</td><td colspan="3">पारिश्रमिक निर्धारण नीति र पारिश्रमिक निर्धारणका आधारहरु</td></tr>
<tr><td>३.</td><td colspan="3">कार्य सम्पादनमा आधारित पारिश्रमिक निर्धारण गर्न लिएको कार्यसम्पादन सूचकको विवरण</td></tr>
<tr><td>४.</td><td colspan="3">प्रमुख कार्यकारी अधिकृतसहित अन्य कर्मचारीहरुको पारिश्रमिकको तुलनात्मक भिन्नता दरको विवरण</td></tr>
<tr><td>५.</td><td colspan="3">कार्यसम्पादनमा आधारित पारिश्रमिकको विवरण</td></tr>
</table>

## अनुसूची २

### वार्षिक प्रतिवेदनमा उल्लेख गर्नुपर्ने विवरण

| | | | |
|---|---|---|---|
| **संस्थाको नाम :** | | | |
| **प्रमुख कार्यकारी अधिकृतको नामः** | | | |
| **तलब भत्ताको विवरण** | | | |
| **सि.नं.** | **तलब भत्ता शीर्षक** | **मासिक रकम (रु.)** | **वार्षिक रकम (रु.) (आ.व............)** |
| १. | निश्चित तलब तथा भत्ता | | |
| २. | कार्य सम्पादनमा आधारित पारिश्रमिक | | |
| ३. | कर्मचारी बोनसवापत्को सुविधा | | |
| ४. | अन्य सुविधा | | |
| | **जम्मा** | | |